# नेपाल उद्योग वाणिज्य महासंघ बाग्मती प्रदेशको

## चौथो प्रदेश सभा

# वार्षिक प्रतिवेदन
# २०७७

( नेपाल उद्योग वाणिज्य महासंघ बाग्मती प्रदेशको आ.व. २०७५/७६को आय–व्य  विवरण समेत)

१. नेपाल उद्योग वाणिज्य महासंघ बाग्मती प्रदेको चौथो सभामा कार्यकारिणी समितिको तर्फबाट योवार्षिक प्रतिवेदनप्रस्तुत गर्दछु । यस वार्षिक प्रतिवेदनमा गत २०७५ साल फागुन १२ गते सम्पन्न तेश्रो वार्षिक सभा पश्चात नेउवामहासघ बाग्मती प्रदेशबाट भएका प्रमृख क्रियाकलाप तथा कार्यक्रमका साथै गतिविधि, क्रियाकलाप तथा कार्यक्रमहरुबारे संक्षिप्त रुपमा उल्लेख गरिएको छ ।

२. कार्यकारिणी समितिले यो एक वर्षको अवधिमा प्रदेशले उद्योगी व्यवसायीहरुको हकहितको संरक्षण तथा सम्बर्द्धनको साथै देशको उद्योग व्यवसाय, लगानी क्षेत्रको विकास गरी आत्मनिर्भर अर्थतन्त्रको विकासको लागि हुनुपर्ने नीतिगत व्यवस्थाहरुबारे सम्वन्धित निकायहरुमा प्रस्तुत गरिएको छ ।

३. आर्थिक ऐन २०७६ ले गरेका व्यवस्थाबाट उद्योग व्यवसाय क्षेत्रमा पर्न गएको समस्या Vehicle Consignment tracking Software, पारिश्रमिकमा स्थायी लेखा नम्बर एवं ढुवानीमा भ्याटको व्यवस्थाबाट उद्योग व्यवसाय क्षेत्रमा पर्न गएका समस्या समाधानका लागि महासंघले सम्माननीय प्रधानमन्त्रीज्यू, अर्थ मन्त्रीज्यू लगायत सम्बन्धित निकायहरुमा प्रभावकारी रुपमा पहल गरिएको छ । यस सम्बन्धमा नेपाल सरकारबाट समाधानका लागि अर्थ मन्त्रालय र महासंघका प्रतिनिधि सम्मिलित समिति गठन गरिएको थियो । समितिमा महासंघको तर्फबाट उपाध्यक्षद्वय श्री किशोर कुमार प्रधान, श्री उमेशलाल श्रेष्ठ, नेउवामहासंघ प्रदेश नं. ३ का अध्यक्ष एवं कार्यकारिणी समिति सदस्य श्री दिनेश श्रेष्ठले प्रतिनिधित्व गर्नुभएको थियो । समितिबाट VCTS तीन महिनासम्म परिक्षणको रुपमा लिइने त्यसपछि मात्र पूरा रुपमा लागू गर्ने र पारिश्रमिकमा प्यान सम्बन्धमा मालवस्तु खरीदमा रु.२००० र ज्यालामा रु. ३०००। गर्न सिफारिस गरेको थियो ।

४. **वेभमा आधारित अनलाइन ढुवानी साधन अनुगमन प्रणाली**(VCTS)

- VCTSको प्रयोगलाई सहजीकाण गर्नका लागि निरन्तर रुपमा VCTS को प्रयोगकर्ताहरुलाई देशका विभिन्न क्षेत्रमा राजस्व अनुसन्धान विभागको संलग्नतामा निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाहरुले पहिचान गरेका स्थानहरुमा तालिम, सिकाई तथा अन्तरक्रिया जस्ता प्रवर्द्धनात्मक कार्यहरु व्यपक रुपमा संचालन गर्ने ।

- उद्योग, वितरक वा थोक विक्रेताले आफ्नो उद्देश्य अनुरुप उपभोक्तालाई खुद्रास्तरमा बिक्रि गर्दा, खुद्रा बिक्रेताले उपभोक्तलाई बिक्रिगर्दा, उद्योगले कृषकबाट उत्पादन भएका कृषि तथा पशुजन्य उत्पादन जस्तै धान, गहुँ, मकै, उखु, दुध जस्ता वस्तु खरिद गर्दा, इन्टरनेट सुविधा नभएका तथा दूर्गम क्षेत्रका साना व्यवसायीले यो प्रणालीमा प्रविष्टि गर्नु नपर्ने हुँदा यसको जानकारी सम्बद्ध सबै पक्षलाई गराउन सबै पक्षबाट प्रचार प्रसार गर्ने ।

- यस प्रणालीको प्रयोगमा देखिने सक्ने कठिनाईहरुलाई सम्बोधन गर्नेगरी राजस्व अनुसन्धान विभागका महानिर्देशकको संयोजकत्वमा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स तथा नेपाल घरेलु तथा साना उद्योग महासंघ समेत एक एक जना प्रतिनिधि रहेको एक स्थायी समिति गठन गरी यस प्रणालीलाई सजीकरण गर्न प्रत्येक महिना बैठक बसी समिक्षा गर्ने ।

- VCTSको कार्यान्वयनलाई सरल र सहज बनाउन यसलाई भन्सारको आसिकुडा प्रणाली संग अन्तरआवद्धता गर्ने ।

- VCTS प्रणाली कार्यान्वयनमा दण्डात्मक भन्दा प्रवर्द्धनात्मक रणनीति गरी बैध व्यवसायलाई सहजीकरण गर्ने ।

५. **महासंघमा मेला मिलाप केन्द्रको स्थापना :**



मेलमिलाप पद्धतिलाई व्यवसायिक विवाद समाधानको उपयुक्त र प्रभावकारी माध्यम बनाउन जोड दिने उद्देश्यले गत कार्तिक २६ गते महासंघमा मेल मिलाप केन्द्रको स्थापना भएको छ । अध्यक्ष श्री भवानी राणा र सर्वोच्च अदालतका माननीय न्यायधिश श्री ईश्वर प्रसाद खतिवडाले संयुक्त रुपमा उद्घाटन गर्नु भएको उक्त केन्द्रबाट व्यवसायिक विवादको छिटो, छरितो र मितव्ययी ढंगबाट समाधान हुने विश्वास लिइएको छ ।

६. **विभिन्न विषयवस्तुहरुमा महासंघ र सम्बन्धित संघ/संस्था बीच भएको सहमति पत्र सम्बन्धमा :**

७. **Millennial India International Chamber of Commerce, Industry and Agriculture-MIICCIAसंग सहमतिपत्रमा हस्ताक्षर :**



आपसी व्यवसाय अभिवृद्धिमा सहकार्य गर्ने उद्देश्यले नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश नम्बर ३ र Millennial India International Chamber of Commerce, Industry and Agriculture-MIICCIAबीच गत वैशाख २० गते महासंघमा एक सहमतिपत्रमा हस्ताक्षर भएको थियो । उक्त सहमतिपत्रमा दुई देश बीच आवश्यक व्यवसायिक सूचनाको आदान प्रदान गर्ने, सहयोग प्रवर्द्धन गर्ने, कृषि क्षेत्रमा सहकार्य गर्ने, बजार अध्ययन अनुसन्धान गर्ने, व्यवसायिक विस्तारका क्रियाकलाप गर्ने, पालैपालो एक अर्को देशमा व्यवसायिक भेटघाट गर्ने, व्यवसायिक भ्रमणको आदान प्रदान लगायतका क्षेत्रमा सहकार्य गर्ने उल्लेख गरिएको छ ।

८. **नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं ३ "Businessand HumanRights"सम्पन्न**

नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं ३ र मकवानपूर उद्योग वाणिज्य संघको आतिथ्यतामा मकवानपूरमा पहिलो पटक "BusinessandHumanRights"विषयक कार्यशाला गोष्ठी २०७६ साल कार्तिक ३० गते सम्पन्न भएको थियो । प्रदेश नं ३ का भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्री श्री दावा दार्जो लामाज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

उक्त कार्यक्रममा यस महासंघका उपाध्यक्ष श्री किशोर कुमार प्रधान विशेष अतिथि रहनु भएको थियो । सो कार्यक्रममा यस महासंघको प्रदेश नं ३ का अध्यक्ष श्री दिनेश श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा यस महासंघका कार्यकारिणी समिति सदस्यहरु श्री राजमुमार न्यौपाने, श्री मनिष लाल प्रधान, श्री चन्द्रकान्त अधिकारी, श्री राजन श्रेष्ठ, श्री सविन श्रेष्ठ सहभागी रहनु भएको थियो ।

उक्त कार्यक्रममा जिल्ला/नगर उवासंघका अध्यक्षज्यूहरु श्री प्रकाश मानन्धर, श्री कृष्णलाल महर्जन, श्री सहनलाल प्रधान, श्री अमरेश चन्द्र बैदार, श्री राम प्रसाद प्रजापती, श्री तारा ब कार्की, श्री कविराज खत्री, श्री राजाराम धिमिरे, श्री सुरेन्द्र ब श्रेष्ठ, श्री वोध नाथ ढवाडी सहभागी रहनु भएको थियो ।

नेउवामहासंघ अन्तरगत प्रदेश अन्तरगत रहेका उद्योग वाणिज्य संघका अध्यक्षज्यूहरु, प्रतिनिधिहरु तथा स्थानीय उद्योगी व्यवसायी, पत्रकारहरु सहभागि हुनु भएको थियो ।

साथै उक्त कार्यक्रममा प्रदेश सरकारबाट, कानूनविद, स्थानीय सरकारबाट ट्रेड युनियन मानव अधिकारवादीमा महिला र पुरुष मानव अधिकारसंग सम्वन्धित एवं सिभिल सोसाइटीको तर्फबाट समेत  सहभागिता हुनु भएको थियो ।

९. नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं ३ तथा मकवानपुर उद्योग वाणिज्य संघको को आतिथ्यतामा हेटौंडामा"BusinessandHumanRights"विषयक कार्यशाला गोष्ठी २०७६ साल कार्तिक ३० गते कार्यक्रम आयोजना भएको छ ।

१० नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं ३ को कार्यकारिणी समिति सदस्य बैठक मकवानपुरमा मिति २०७६/८/३० गते सम्पन्न भयो ।

११. अर्थ मन्त्रालयले करमा रहेको दोहोरोपनको समस्या समाधानको लागि कार्य गरिरहेकोले संघीय सरकार, प्रदेश सरकार र स्थानीयतहबाट भएका करको दोहोरोपन भएको र स्थानीय करको दर लगायतका उद्योग व्यवसायी संग सम्बन्धित चालु आर्थिक बर्ष र विगत आर्थिक वर्षको दरहरु के कति लिइएको छ सो विषयमा सुझाव माग गरिएको ।

१२. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश नं ३, हेटौंडाले नेपाल भ्रमण वर्ष २०२० अभियानलाई सफल बनाउन प्रदेश नं ३ को प्रदेशस्तरको मूल सहजिकरण तथा आयोजक समितिको मिति २०७६ साल असोज १६ को बैठकको निर्णय अनुसार २०७६ साल कार्तिक २६ गते राष्ट्रिय प्रकृति संरक्षण कोषको सभाहल, खुमलटार,ललितपुरमा भएको बैठकमा नेउवामहासंघ प्रदेश नं ३ का अध्यक्ष श्री दिनेश श्रेष्ठले सहभागि हुनु भएको थियो ।

१४. आर्थिक मामिला तथा योजना मन्त्रालय मिति २०७६ साल कार्तिक १७ गतेको पत्र अनुसार प्रदेश सार्वजनिक वित्तीय व्यवस्थापन सुधार समन्वय समितिको सदस्यमा नेउवामहासंघ प्रदेश नं ३ लाई सदस्य तोकिएको जानकारी प्राप्त ।

१५ नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं ३ को संयुक्त आयोजनामा कर दिवस ०७६ एवं कर सप्ताह २०७६ को अवसरमा आयोजित कर सम्बन्धि अन्तरक्रिया कार्यक्रम मिति २०७६ मंसिर ६ गते महासंघको सचिवालय,सम्पन्न भएको थियो ।

१६ भूकम्प पछिको पुनर्निर्माण र पुन : स्थापनामा सदाचार सम्बन्धी अन्तक्रिया र्कायक्रममा सहभागिता वारेनेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं ३ तथा ट्रान्सपेन्सी इन्टरनेशन नेपालको संयुक्तआयोजनामा २०७६ साल पौष २३ गते यस महासंघको सचिवालयमा प्रदेश नं ३ का अध्यक्ष श्री दिनेश  श्रेष्ठको अध्यक्षतामा भूकम्प पछिको पुनः निर्माण र पुनः स्थापनामा सदाचार पुर्निर्माण तथा पुनः स्थापना सम्बन्धमा निजी क्षेत्रसंगको अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

उक्त ट्रान्सपरेन्सी इन्टरनेशनलले पुनर्निमाणका विविध आयाममा जवाफदेहीता र पारदर्शीता अभिवृद्धि गर्न सरकार, नागरिक, निजी क्षेत्र र अन्य सरोकारवालाहरुसंग विभिन्न कार्यक्रमहरु गर्दै आएको र भूकम्पबाट अति प्रभाविता १४ जिल्ला उद्योग वाणिज्य संघको सक्रिय सहभागितामा निजी क्षेत्रको पुनर्निर्माण सम्बन्धी योजना, कार्यक्रम/बजेट तथा अन्य कार्य वारेमा अन्तरक्रिया गर्ने उद्देश्य रहेको थियो ।

१८. मिति मिति २०७६/०९/३ देखि मिति २०७६/०९/४ गतेFNCCIKTMतथा DutchEmployers Corporation Program( DECP) को " NegotiationSkillsandSocialDialogueतालिममा सामिल भयो।

१९. <u>नेपाल उद्योग वाणिज्य महासंघ बाग्मती प्रदेशको कार्यकारिणी समितिको बैठक सम्पन्न</u>

नेपाल उद्योग वाणिज्य महासंघ बाग्मती प्रदेशको कार्यकारिणी समितिको बैठक एवं बाग्मती प्रदेशका जिल्ल तथा नगरस्तरीय उद्योग वाणिज्य संघका अध्यक्षज्यूहरुवीच छलफल कार्यक्रम यही २०७६ साल माघ १४ गते काठमाडौ नेउवामहासंघ बाग्मती प्रदेशका अध्यक्ष श्री दिनेश श्रेष्ठज्यूको अध्यक्षतामा ˙ सम्पन्न भएको थियो ।

२०. <u>उर्जा दक्ष सम्बन्धी चेतनामुलक कार्यक्रम सम्पन्न</u>

नेपालले सन् २०३० सम्म आर्थिक, भौतिक र सामाजिक विकास गरी संयूक्त राष्ट्रसंघद्धारा पारित दिगो विकासका लक्ष्यहरु हासिल गर्दै मध्यम आयको स्तरमा पुग्ने लक्ष्य लिएको छ । दिगो विकासका लक्ष्यहरु मध्ये सातौं लक्ष्यले सबैको लागि आधुनिक उर्जाको पहुंच सुनिश्चित गर्नुका साथै सन् २०१५ सम्मको उर्जा दक्षतामा भएका सुधारको वार्षिक औसत दरलाई २०३० सम्म दोब्बर पार्ने लक्ष्य राखेको र यसै परिप्रेक्ष्यमा नेपाल सरकारद्वारा लिइएको उर्जा दक्षा सम्बन्धि यस लक्ष्य पूतिका लागि सन् २०10 देखि जर्मन सरकारको सयोगमा नेपाल उद्योग वाणिज्य महासंघबाट उद्योग, व्यवसाय, होटल, सपिङ्ग मल, हस्पिटलहरुलाई उर्जा दक्षता तथा उर्जा परिक्षण सम्बन्धि प्राविधक सेवा तथा सल्लाहरु दिंदै आएको छ (सवै सरोकारवाला)हरुमा ISO 50001 (Energy Management System) बमोजिम उर्जा व्यवस्थापनको स्थापना हुन आवश्यक भएकोले यस विषयलाई ध्यानमा राखी नेउवामहासंघ उर्जा तथा वातावरण डिभिजनद्वारा नेपाल उद्योग वाणिज्य महासंघ बाग्मती प्रदेश, रत्ननगर उद्योग वाणिज्य संघको संयुक्त आयोजनामा नेपाल उद्योग वाणिज्य महासंघ बाग्मती प्रदेशले यही २०७६ साल माघ २० गते यही २०७६ साल माघ २० गते सोमवार, सेभेन स्टार, सौराहा, चितवनमा नेउवामहासंघ बाग्मती प्रदेशका अध्यक्ष श्री दिनेश श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो ।

२१. **<u>कोरोना संक्रमणबाट Medical Suppliesर रकम उपलव्ध गराइएको</u>** :

विश्वव्यापी रूपमा फैलिएको कोरोना संक्रमणबाट उत्पन्न जटिल परिस्थितिमा सर्वसाधारण जनताको स्वास्थ्य सुरक्षा र उपचार कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले महासंघले नेपाल सरकार, प्रदेश र जिल्ला संघ संस्थासंग समन्वय गरी Medical Supplies हरूको आपूर्ति गराउन Mask र Personal Protective Equipment(PPE)पिडीटहरुलाई उपलव्ध गराइएको

त्यस्तै कोरोना भाइरस संक्रमणबाट समस्या भोगिरहेकाहरुको लागि यस प्रदेशका जिल्ला तथा नगर उवासंघ सदस्यहरु राप्ती उद्योग वाणिज्य संघ, नमोबुद्ध उवासंघ, जिरी उवासंघ, चन्द्रागिरी उवासंघ मार्फत रु. वीस । वीस हजारका दरले सहयोग रकम उपलब्ध गराई गरिएको छ ।

## २२. बाढी पहिरो सहयोग

सिन्धुपाल्चोक जिल्लामा बाढी पहिरोले ठूलो समस्या भोग्नु परेकोले सो क्षेत्रका उद्योगी व्यवसायी लगायत सर्वसाधारणहरुलाई यस नेउवामहासंघ बागमती प्रदेशका सदस्य सिन्धुपाल्चोक उवासंघ मार्फत रु. २५०००। सहयोग उपलव्ध गराइएको छ ।

## २३. नेउवामहासंघबाट आयोजित प्रदेश च्याप्टरका पदाधिकारीहरुसंग भर्चुअल मिटिङमा सहभागिता :



नेपाल उद्योग वाणिज्य महासंघलेगत जेष्ठ १ गते कोभिड १९ले स्थानीय उद्योग व्यवसाय र अर्थतन्त्रमा परेको प्रभाव विषयमा भर्चुअल मिटिङको आयोजना गरेको थियो । उक्त भर्चुअल कार्यक्रम मार्फत स्थानीय उद्योग व्यवसायीहरुको समस्यालाई संघीय सरकारलाई सुझाव दिने उद्देश्यले महासंघले मिटिङको आयोजना गरेको थियो । उक्त मिटिङमा कोमामा जान लागेको अर्थतन्त्रलाई जोगाउन सरकारले आगामी बजेट मार्फत पर्याप्त स्टिमुलसप्याकेज ल्याउनु पर्ने कुरामा जोड दिइएको थियो । उक्त छलफलमा उद्योग व्यवसाय बचाउने कार्यमा बैंक तथा उद्योगी व्यवसायी बीच सहकार्य हुनुपर्ने, विद्युत डिमाण्ड चार्ज छुट दिनुपर्ने, अतिसंवेदनशील क्षेत्रलाई बढी निगरानीमा राखेरका सामान्य जिल्लामा आन्तरिक रुपमै भएपनि आर्थिक गतिविधिहरु चालु गर्नुपर्ने, लकडाउनको समयको बैंक व्याज मिनाह गर्नुपर्ने, माहासंघले सरकारमा पेश गरेको सुझाव कार्यान्वयनमा हुनुपर्ने, कृषि उत्पादन संकलन, सुरक्षित भण्डारन, आवश्यक मल बीउ विजनको पर्याप्त आपूर्ति गर्न दवाव दिनुपर्ने र निजी क्षेत्रलाई पनि मल आयात गर्ने सुविधा दिनुपर्ने लगायतका विषयमा छलफल भएको थियो । उक्त छलफल कार्यक्रममा सहभागी आवश्यक सुझाव दिइएको थियो ।

## २३ नेउवामहासंघ बाग्मती प्रदेश भित्रका जिल्ला नगर उवासघका पदाधिकारीहरुसंग भर्चुअल मिटिङको आयोजना

नेपाल उद्योग वाणिज्य महासंघ बाग्मती प्रदेशले कोभिड १९ले स्थानीय उद्योग व्यवसाय र अर्थतन्त्रमा के कस्तो समस्या परेको र जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरुले के कस्तो समस्या भोगिरहेको छ सो सुझाव संकलन गरी महासंघमा सुझाव उपलव्ध गराउने उद्देश्यले विषयमा भर्चुअल मिटिङको आयोजना गरेको थियो । उक्त बैठकमा आफुहरुले रोग लाग्ने परवाह नगरी स्थानीय व्यक्तिहरु खाना, बासको व्यवस्था लगायत सेवा पुर्‍याइएको । उद्योग व्यवसायीहरुको व्याज मिनाहा, घर भाडा लगायत अर्थतन्त्रलाई जोगाउन सरकारले आगामी बजेट मार्फत स्टिमुलस प्याकेज ल्याउनु पर्ने लगायतको सुझाव प्राप्त भै सो सुझाव महासंघ लगायत सम्वन्धित निकायमा उपलव्ध गराइएको थियो ।

२४. **लकडाउनको समयसीमा र मोडालिटि बारे**

विश्वभरि फैलिएको कोरोना भाइरस संक्रमण कारण अधिकांश देशहरुले लकडाउनको उपाय अवलम्बन गर्दै आएको र यो भाइरस संक्रमण नियन्त्रणको कुनै निश्चित समय किटान गर्न गाह्रो भएको विश्वका कतिपय देशहरुले लकडाउनलाई खुकुलो बनाउंदै जनजीवन र आर्थिक गतिविधि चलायमान बनाउंदै गएको र लकडाउनले मात्र समस्या समाधान गर्ने उपाय नभएकोले लकडाउनको समयसीमा र मोडालिटि बारे पुनविचार गर्ने वारे सुझाव दिइएको ।

२५. **बैक तथा वित्तिय संस्थाहरुलाई बुझाउनु पर्ने सांवा, व्याज भुक्तानको समयावधि बारे**

कोरोना भाइरसले विश्वलाई नै आक्रान्त बनाएको अवस्थामा नेपाल करिव ८० दिनको पूर्ण लकडाउनको अवस्थामा खेप्नु परेको र उक्त अवधि भर अत्यावश्यक बाहेक सम्पूर्ण उद्योग व्यवसाय ठप्न रहन पुगेको रह्यो । गत असार १ गतेदेखि लकडाउनको स्वरुपमा केही परिवर्तन गरी आम मानिसको दैनिक एवं जीवनयापनदेखि अर्थतन्लाई चलायमान बनाउने सरकारको निर्णय बमोजिम केही सहजता गरेता पनि सार्वजनिक यातायातको संचालन नभएको लगायतका कारणबाट उद्योग व्यवसाय पूर्ण रुपमा संचलन आउन नसकेको र उत्पादित वस्तु पनि बजारमा विक्री वितरण गर्न नसकेको अवस्था रहेको साथै बैक तथा वित्तिय संस्थाहरुबाट कर्जा लिई उद्योग व्यवसाय संचालन गरिरहेका साना ठूला सवै तहका उद्योगी व्यवसायीहरुलाई असार मसान्तभित्रकर्जा तथा व्याज भुक्तान गर्न कठिन भएकोले २०७६ चैत्रदेखि सवै उद्योग व्यवसायले वित्तीय संस्थाहरुलाइ भुक्तान गर्नुपर्ने सांवा, व्याजको समयावधि, स्थिति अनुकूल भई अर्थतन्त्र पूर्णरुपमा चलायमान नहुन्जेलसम्म बढाउन र व्याजलाई पूजीकरण गरी कर्जाको पुनसंरचना र पुनरतालीकिकरण गर्ने वारे सम्वन्धित निकायमा अनुरोध गरिएको ।